"सामाजिक सुरक्षा, सुशासन, न्याय, विकास र समानता: समृद्ध नगर सुखी नगरबासी हाम्रो प्रतिवद्धता"

सुनवल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

सुनवल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुनवल, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :२०८३/८४
चलानी नं.

## प्रेस विज्ञप्ति

सुनवल नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ मा सम्पादित काम, कारबाही तथा विकास निर्माणका गतिविधिहरूको वार्षिक समीक्षा कार्यक्रम मिति २०८३ साल भाद्र १५ गते सोमबार नगरपालिकाको सभाहलमा सम्पन्न भएको छ।

कार्यक्रमको औपचारिक शुभारम्भ गर्नुअघि गत भाद्र १० गते रसुवा जिल्लाको भोटेकोशी नदी तथा आसपासका क्षेत्रमा आएको विनाशकारी बाढीका कारण ज्यान गुमाउनुहुने नागरिकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिएको थियो। उक्त प्राकृतिक विपदमा परी दिवंगत हुनुहुने सम्पूर्ण नागरिकहरूको आत्माको चिरशान्तिको कामना गर्दै एक मिनेट मौन धारण र घाइते तथा प्रभावित नागरिकहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको थियो।

कार्यक्रमको अन्त्यमा उक्त बाढी तथा विपद्का कारण ज्यान गुमाउनुहुने नागरिकका परिवार, घाइते, विस्थापित तथा प्रभावित समुदायको उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले सुनवल नगरपालिकाको तर्फबाट **रु. ६,००,०००/- (अक्षरेपी छ लाख रुपैयाँ मात्र)** प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरिएको छ।

प्राकृतिक विपदको यो दु:खद समयमा अनावश्यक मनोरञ्जनात्मक कार्यक्रम तथा तडकभडक नगरी संयम र संवेदनशीलता अपनाउँदै विपद् प्रभावित नागरिकहरूप्रति ऐक्यबद्धता जनाउन सम्पूर्ण नगरवासीमा हार्दिक अनुरोध गर्दछौं।

मिति: २०८३/०५/१५

विमला अर्याल
नगर प्रमुख

विमला अर्याल
नगर प्रमुख